परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष ११ ❑ अंक ३३ २०७९ चैत १२ गते आईतवार Sunday 26, MAR 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## विराट गोल्डकप : तेस्रो दिनको खेलमा भूटानलाई हराउँदै साविक विजेता एपीएफ विजय




विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगरमा चैत ९ गते संचालन भएको सातौं संस्करणका विराट गोल्डकपको तेस्रो दिन शनिवार पाहुना टोली भुटानको ड्रक लयुल फुटबल क्लबलाई स्तब्ध बनाउँदै साविक विजेता सशस्त्र प्रहरी बल (एपीएफ) विजय हात पारेका छन् ।

विराटनगर स्थित सहिद मैदानको फ्लड लाईटमा शनिबार राती भएको तेस्रो क्वाटरफाइनल खेलमा भुटानलाई २-१ गोलले हराउँदै एसपीएफ अन्तिम चारमा स्थान सुरक्षित गरी सेमिफाइनलमा पुगेको छ । निर्णायक गोल गर्ने एपीएफका अरमान्द्र बेडम म्यान अफ द म्याच घोषित भएको थियो । वेडमलाई आयोजकले ११ हजारको चेक हस्तान्तरण गरेका थिए ।

त्यसैगरी दोस्रो दिन शुक्रवार भएको विराट गोल्डकपमा आर्मीलाई सडनडेथमा हराउँदै जवलाखेल सेमिफाइनल पुगेको प्रवेश गरको थियो । दोस्रो क्वार्टरफाइनल खेलमा आर्मीलाई सडनडेथमा ६-५ गोलले पन्छाउँदै जवलाखेल अन्तिम चारमा स्थान सुरक्षित गरेको थियो ।

निर्धारित ९० मिनेट र थप गरिएको ३० मिनेटको अतिरिक्त समयमा पनि दुवै टिमबाट गालरहित खेल बराबरी भएपछि जितको छिनोफानो सडेनडेथबाट भएको थियो । रोमाञ्चक तथा प्रतिस्पर्धात्मक टाइब्रेकरमा दुवै टोलीले ५-५ गोल गरेका थिए । त्यसपछि खेल सडनडेथमा पुगेको थियो । सडनडेथमा जावलाखेलको तर्फबाट सिमान्त थापा, विदेशी खेलाडी फोडे फोफोना, जाहुल, छिरिङ, समिराज थोकर र बिसाल तामाङ्गले गोल गरेका थिए ।

गोल्डकपको पहिलो दिन विहीवार नेपाल प्रहरीलाई एक गोलले पराजित गर्दै आयोजक विराटनगर सिटी फुटबल क्लव विजय भएका थिए ।

विराटनगरको सहिद रंगशालामा शुरु भएको विराट गोल्डकप फुटबल प्रतियोगिताको पहिलो दिन सुरु भएको छ । विराटनगर सिटी

वांकी अन्तिम पेजमा...

## आन्दोलनरत पक्षसंग वार्ता गर्न समिति गठन

विराटनगर । कोशी प्रदेशको नामाकरणको विषयमा असहमति जाहेर गर्दै आन्दोलनरत पक्षसँग वार्ताका लागि नेपाल सरकारले वार्तासमिति गठन गरेको छ ।

शनिबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा आन्दोलनरत पक्षसहित बसेको बैठकले वार्तासमिति गठन गरेको हो। छलफलपछि प्रधानमन्त्रीको निर्देशनबमोजिम गृह मन्त्रालयले सहसचिव रामबन्धु सुवेदीको नेतृत्वमा ६ सदस्यीय वार्तासमिति गठन गरेको छ ।

छलफलमा बोल्दै प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड”ले कोशी प्रदेशको नामाकरणको विषयलाई लिएर भइरहेको आन्दोलन र आन्दोलनको क्रममा पदम लिम्बुको निधन भएकोमा दुख व्यक्त गर्दै वार्ताबाटै समस्याको समाधानका लागि आग्रह गरेका थिए ।

एक नम्बर प्रदेश नामाङ्कन संयुक्त संघर्ष समितिको ब्यानरमा आन्दोलनको नेतृत्व गरिरहेका नेपाल आदिवासी जनजाति महासङ्घ, किरात राई यायोक्खा, किरात याक्थुम चुम्लुङ, नेपाल शेर्पा संघ, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, किरात धर्म तथा साहित्य उत्थान मञ्च लगायतका सरोकारवाला संघसंस्थाका प्रतिनिधिहरू बालुवाटारमा भएको भेटमा प्रधानमन्त्रीले आन्दोलनका कार्यक्रम फिर्ता लिई वार्ताबाट समस्या समाधान गर्न अपिल गरेका थिए ।

भेटमा सरकारको तर्फबाट सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चारप्रविधि मन्त्री रेखा शर्मा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार हरिबोल गजुरेल, नेपाल सरकारका मुख्यसचिव शंकरदास वैरागी र गृहसचिव विनोद सिंह थिए ।

भेटमा प्रधानमन्त्रीले

वांकी अन्तिम पेजमा...

## नेपालको जनसंख्यां २ करोड ९१ लाख ९२ हजार ४ सय ८० भएको सार्वजनिक

विराटनगर । नेपालको जनगणना अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४८० पुगेको तथ्यांक विभागले सार्वजनिक गरको छ ।

केन्द्रीय तथ्यांक विभागले एक महिनाअघि सम्पन्न १२ औं राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रारम्भिक विवरण सार्वजनिक गर्दै महिलाको संख्या १ करोड ४९ लाख १ हजार १ सय ६९ रहेको र पुरुषको संख्या १ करोड ४२ लाख ९१ हजार ३ सय ११ रहेको जनाएको छ ।

प्रारम्भिक विवरण अनुसार नेपालको जनसंख्या वृद्धिदर ८० वर्षयताकै कम या जम्मा ०.९३ प्रतिशत पुगेको छ। अघिल्लो जनगणनामा नेपालमा १.३५ प्रतिशत जनसंख्या वृद्धिदर रहेको थियो। तथ्यांक विभागका अनुसार पछिल्लो १० वर्षमा २७ लाख जनसंख्या वृद्धि भएको छ । अघिल्लो जनगणनाको तुलनामा भक्तपुरको जनसङ्ख्या वृद्धिदर सबैभन्दा बढी र रामेछापको जनसङ्ख्या सबैभन्दा घट्दो दरमा रहेको पाइएको छ ।

जनगणनाको स्थलगत कार्य पहिलो चरणको गत २०७८ भदौ ३० देखि असोज १८ र दोस्रो चरणको २०७८ कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म भएको थियो । प्रदेशगतरुपमा मधेश प्रदेशको जनसङ्ख्या सबैभन्दा बढी छ भने कर्णाली प्रदेशको कम देखिएको छ। जिल्लागत रूपमा राजधानी काठमाडौंमा सबैभन्दा बढी प्रति वर्ग किमीमा ५,१०८ जना बसोबास गर्ने गरेको र मनाङमा एक वर्ग किमीमा जम्मा ३ जना बसोबास गरेको देखिएको छ । नेपालको संविधान, २०७२ पछि मुलुकमा भएको पहिलो जनगणनाको प्रारम्भिक नतिजा सार्वजनिक भएको हो । २०६८ को जनगणनामा दुई करोड ६४ लाख ९४ हजार ५०४ जनसंख्या रहेको थियो ।

यस्तो छ केन्द्रीय तथ्यांक

वांकी अन्तिम पेजमा...

**पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।**

- सुरक्षित पानी विऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा घोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## प्रतिबन्धित...

भारतबाट नेपाल तर्फ आउदै गरेका पैदल यात्री रुपाकोट मझुवागडी नगरपालिका-५ खोटाङका २३ बर्षीय पुजन राईलाई ३२ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका पाँचै जना माथिए आवश्यक कारवाही भईस इलाका प्रहरी कार्यालय अनारमनी झापाबाट थप अनुसन्धान भईरहेको छ।

## झापा...

सामानहरु बरामद गरेको हो।

बरामद गरिएका करिव ५ लाख ९६ हजार रुपैया बराबरको सामानहरु आवश्यक कारवाहीको लागि मेची भन्सार कार्यालयमा बुझाईएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

झापा, मोरङ र सुनसरीको बिभिन्न स्थानबाट भन्सार छली गरी नेपाल भित्र्याउदै गरको अवैध समानहरु प्रहरीले बरामद गरेको छ। सिमावर्ति क्षेत्रमा परिचालित प्रहरी गस्ती टोलीले चेक जाँचको क्रममा भन्सार छली चोरी पैठारी गरी नेपाल भित्र्याउदै गरेको अवस्थामा खाध्यान्नका सामग्री बिभिन्न प्रकारका कपडा, कुर्था सुरुवाल, कस्मेटिक सामग्री समेत गरी करिव १० लाख ६७ हजार मुल्य बराबरको अवैध समान बरामद गरेको थियो।

बरामद गरिएको उक्त समानहरु आवश्यक कारवाहीको लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाईएको छ।




## विराट गोल्डकप...

फुटबल क्लव र नेपाल प्रहरीबीच प्रतिस्पर्धा भएको थियो। उद्घाटन खेलको मेन अफ दि म्याच विराटनगर सिटी फुटबल क्लवका जर्सी नं. ६ का उत्सव राई भएको छ। उनलाई आयोजकको तर्फवाट ११ हजारको चेक हस्तान्तरण गरिएको छ। प्रतियोगिताको उद्घाटन कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले गरेका थिए।

प्रतियोगिताको दोस्रो खेल चैत १० गते नेपाल आर्मी र जावलाखेल युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ। यस्तै तेस्रो खेल चैत ११ गते सशस्त्र प्रहरी र भुटानको ड्रुक लयुल फुटबल क्लबबीच हुनेछ। यस्तै चैत १२ गते संकटा क्लब ( एस.बी.एस.सी) र भारतको लुका सकर क्लबबीच हुनेछ। प्रतियोगिताको सेमिफाइनल खेलहरू चैत १३ र १४ गते हुनेछ भने फाइनल खेल १६ गते हुनेछ।

प्रतियोगिताको विजेताले २० लाख १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने भएको छ। आयोजकले गत संस्करणमा १५ लाख १५ हजार रहेको पुरस्कार राशीमा ५ लाख वृद्धि गरेर २० लाख १५ हजार पुऱ्याएको हो। आयोजक विराट गोल्ड कप ट्रष्टका अध्यक्ष सन्तोष बानियाँका अनुसार उपविजेता हुने टिमले १० लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछ। गत संस्करणमा उपविजेताले ७ लाख ५१ हजार प्राप्त गरेको थियो।

यसपटक विधागत उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई नगद २५ हजार रुपैयाँ, हरेक दिनको प्लेयर अफ दि म्याचलाई नगद ११ हजार रुपैयाँ पुरस्कार दिइने आयोजकले जनाएको छ। आयोजकले क्वाटरफाइनलसम्मको खेलका लागि प्रति टिकट २ सय रुपैयाँ निर्धारण गरेको छ भने सेमिफाइनल र फाइनल गरी ३ वटा खेलको लागि खल्ती एपबाट किन्दा ४ सय र रंगशालाकै स्टलबाट किन्दा ५ सय रुपैयाँ टिकटदर तोकेको छ। प्रतियोगिता सम्पन्न गर्न २ करोड ५० लाख रुपैयाँ लाग्ने आयोजकको अनुमान छ।

## आन्दोलनरत...

आन्दोलनको क्रममा भएको पदम लिम्बुको निधनप्रति दुख प्रकट गर्दै घटनाको सत्यतथ्य पत्ता लगाउन छानबिन समिति गठन गर्ने, सहिद घोषणा र पीडित परिवारलाई राहत प्रदान गर्न आवश्यक पहल गर्ने तथा प्रादेशिक नामाकरणको विषयमा राजनीतिक तहमा वार्ता र सम्वादको माध्यमबाट समस्या समाधान गर्न सकिने बताए।

साथै प्रधानमन्त्रीले आन्दोलनका कार्यक्रमले सिङ्गो देशलाई ध्यानाकर्षण गरेको र प्रधान मन्त्रीसहित सिङ्गो सरकारसमेत यो विषयमा सम्वेदनशील भएको अवस्थामा सडक आन्दोलनका कार्यक्रम छोडेर सम्वादबाट निकाल्न आग्रह गरेका थिए।

कोशी प्रदेश नामकरणको विरोधमा प्रदर्शनमा उत्रिएको बेला प्रहरीको लाठी प्रहारबाट घाइते भएका आन्दोलनकारीको उपचारको क्रममा मृत्यु भएको थियो। चैत ५ गते विराटनगरमा प्रहरीको लाठी लागेर घाइते भएका ४२ वर्षीय पदमबहादुर लिम्बुको उपचारको क्रममा मृत्यु भएको थियो।

धरान उपमहानगरपालिका-१५ घर भएका लिम्बु लिम्बुवान भोलेन्टियर्सका केन्द्रीय सहकमाण्डर समेत रहेका थिए। कोशी प्रदेशको नाम खारेज गर्नुपर्ने मागसहित आन्दोलनमा रहेका बेला मुख्यमन्त्री कार्यालय अगाडि प्रहरीको लाठी प्रहारबाट उनी घाइते भएका थिए। लिम्बुको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा शुक्रबार मृत्यु भएको थियो।

पहिचानवादी दल र संस्थाहरुले गठन गरेको प्रदेश नम्बर १ पुन: नामकरण संयुक्त संघर्ष समितिले चैत ५ गते विराटनगरमा प्रदर्शन गरेको थियो। प्रदर्शन निषेधित क्षेत्रमा प्रवेश गरेपछि प्रहरीले चार राउण्ड हवाई फायर र दुई दर्जन सेल अश्रुग्याँस प्रहार गरेको थियो।

## नेपालको...

विभागले जारी गरेको राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक तथ्यांक

नेपालको जनसंख्या र जनसंख्या वृद्धिदर

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार नेपालको जनसंख्या २,९१,९२,४८० जना पुगेको छ, जुन दश वर्षअघि ( २०६८ साल) को जनसंख्या २,६४,९४,५०४ को तुलनामा २६,९७,९७६ ले बढी देखिन्छ।

दश वर्षमा नेपालको जनसंख्या १०.१८ प्रतिशत बढेको देखिन्छ।

त्यसैगरी कुन प्रदेशमा कति ?

मधेश प्रदेश सबैभन्दा धेरै जनसंख्या हुने प्रदेश बनको छ। प्रारम्भिक तथ्यांक अनुसार मधेश प्रदेशको जनसंख्या ६१ लाख २६ हजार २८८ पुगेको छ। त्यसपछि बागमती प्रदेश सबैभन्दा धेरै जनसंख्या रहने प्रदेश बनेको छ। तथ्यांकअनुसार बागमती प्रदेशको जनसंख्या ६० लाख ८४ हजार ४२ पुगेको छ। यसअघि २०६८ सालमा गरिएको जनगणनामा वाग्मती को जनसंख्या ५५ लाख २९ हजार ४ सय ५२ थियो।

विभागका अनुसार प्रदेश १ को जनसंख्या ४९७२०२१ रहेको छ। त्यस्तै गण्डकी प्रदेशको २४७९७४५ रहँदा लुम्बिनीको ५१२४२२५ रहेको विभागले जनाएको छ। कर्णालीमा १६९४८८९ जनसंख्या रहँदा सुदूरपश्चिममा २७११२७० रहेको छ।

पुरुष भन्दा महिलाको संख्या ६ लाख बढी

जनगणनाको प्रारम्भिक विवरण अनुसार पुरुष भन्दा महिलाको संख्या वृद्धि उच्च देखिएको छ। बुधबार केन्द्रीय तथ्याक विभागले जारी गरेको प्रारम्भिक विवरण अनुसार पुरुष भन्दा महिलाको संख्या वृद्धि उच्च देखिएको छ।

विभागका अनुसार नेपालमा पुरूषभन्दा ६ लाख बढी महिला रहेको प्रारम्भिक परिणाममा देखिएको छ।

नेपालमा पुरूषको संख्या १ करोड ४२ लाख ९१ हजार ३ सय ११ छ भने महिलाको संख्या १ करोड ४९ लाख १हजार १ सय ६९ रहेको विभागले जनाएको छ। नेपालको जनसंख्या वृद्धिदर ०.९३ प्रतिशत छ। यो सन् १९९८ पछिको सबैभन्दा न्यून हो।

नार्पाभूमि गाउँपालिकाको जनसंख्या सबैभन्दा कम, बैजनाथपुरको सबैभन्दा धेरै

मनाङ जिल्लाको नार्पाभूमि सबैभन्दा कम जनसंख्या हुने गाउँपालिका भएको छ। नार्पाभूमि गाउँपालिकाको जनसंख्या ४ सय ४२ मात्र रहेको छ।

त्यस्तै सबैभन्दा बढी जनसंख्या भएको गाउँपालिका भने बाँकेको बैजनाथपुर रहेको छ। बैजनाथपुरमा ७० हजार ३ सय १५ रहेको छ।

केन्द्रीय तथ्यांक विभागका अनुसार सबैभन्दा बढी जनसंख्या हुने गाउँपालिकाहरूमा बैजनाथसहित बाँकेकै राप्तीसोनारी र खुजुरा पनि रहेका छन्। त्यस्तै रुपन्देहीको मायादेवी र कपिलवस्तुको मायादेवी गाउँपालिका पनि बढी जनसंख्या रहेका गाउँपालिका हुन्।

विभागका अनुसार १० हजारभन्दा कम जनसंख्या हुने गाउँपालिकाको संख्या १० रहेको छ भने ५० हजारभन्दा बढी जनसंख्या रहेका गाउँपालिकाको संख्या १५ रहेको छ।

काठमाडौं सबैभन्दा धेरै जनसंख्या भएको जिल्ला

काठमाडौं जिल्ला नेपालका ७७ वटै जिल्लाहरूमध्ये सबैभन्दा धेरै जनसंख्या भएको जिल्लामा परेको छ। नेपालको जनगणना २०७८ अनुसार काठमाडौंको जनसंख्या २० लाख १७ हजार ५३२ रहेको छ। त्यस्तै सबैभन्दा कम जनसंख्या रहेको मनाङ जिल्लाको जनसंख्या ५ हजार ६४५ रहेको छ। धेरै जनसंख्या भएका जिल्लाहरुमा मोरङ, रुपन्देही, झापा र सुनसरी जिल्ला क्रमश: दोस्रो, तेस्रो, चौथो र पाँचौं जिल्लामा रहेका छन् भने कम जनसंख्या भएका जिल्लाहरूमा मुस्ताङ, डोल्पा, रसुवा र हुम्ला क्रमश: दोस्रो, तेस्रो, चौथो र पाँचौं स्थानमा परेका छन्।

जनसंख्या धेरै र थोरै भएका ५ नगरपालिका

सबैभन्दा धेरै जनसंख्या भएका ५ नगरपालिकाहरुमा क्रमश: काठमाडौं, पोखरा, भरतपुर, ललितपुर र विरगञ्ज नगरपालिका रहेका छन्। त्यस्तै सबैभन्दा कम जनसंख्या भएका ५ नगरपालिकाहरुमा क्रमश: ठुलीभेरी, त्रिपुरासुन्दरी, मादी, लालिगुराँस र जिरी नगरपालिका रहेको तथ्यांक विभागले जनाएको छ।

धेरै जनसंख्या भएको काठमाडौं नगरपालिकाको जनसंख्या ८ लाख ६५ हजार ९०६ रहेको छ भने कम जनसंख्या रहेको ठुलिभेरी नगरपालिकामा १० हजार १८७ रहेको छ। २० हजारभन्दा कम जनसंख्या हुने नगरपालिकाको संख्या १४ वटा रहेको छ भने १ लाखभन्दा बढी जनसंख्या हुने नगरपालिकाको संख्या ३९ वटा रहेको तथ्यांक विभागले जनाएको छ।

विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण आचारसंहिता, २०७८ को पालना गरौं।
विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### सबैको गौरव विराट गोल्डकप

*कोशी प्रदेशका राजधानी विराटनगमा शूरुभएको विराटन गोल्डकप प्रतियोगिता कोशी प्रदेशवासीको गौरवका कुरा हो। विराट गोल्डकप प्रतियोगिता चैत १६ गते सम्म संचालन हुने छ। सातौ संसकरणको विराट गोल्डकप प्रतियोगितमा नेपाल, भारत  र भुटानका क्लवहरुको सहभागीता रहको छ। विराटनगरको दशरथ रंगशालामा भई रहको प्रतियोगितालाई यस भन्दा अगाडीका संस्करणहरुमा विराटनगरको उद्योगी व्यवसायीहरुको सक्रिय सहभागीता रहकोमा यस पालको प्रतियोगितामा व्यत्तिगत रुपमा संयोगक .बनाएर अरु सवैलाई वाइपास गर्नु गोल्डकपको दुःखद पक्ष हो। गोल्डकप प्रतियोगतावाट उद्योगी व्यवसायीमात्र नभए यहांका सस्थानी संचारकर्मी स्थानीय सरोकारवाला पक्षहरु समेत असन्तुष्टी व्यक्त गरको छन्।*

*विराट गोल्डकप प्रतियोगिता नेपाली फुटबल प्रतियोगिताहरू मध्येको सर्वाधिक ठुलो र चर्चित फुटबल प्रतियोगिता विराट गोल्डकप प्रतियोगित चैत ९ गतेदेखि १७ गतेसम्म शहीद रंगशाला विराटनगरमा भइरहेको छ। विराट गोल्डकप प्रतियोगितलाई अखिल नेपाल फुटबल संघ एन्फाले क्यालेन्डरमै समावेश भएकोछ। २०१८ सालदेखि महेन्द्र गोल्डकपको नाममा सञ्चालन हुँदै आएको फुटबल प्रतियोगिता २०५७ सालदेखि विराट गोल्डकपको रूप परिवर्तन भएको थियो। गोल्डकप विविध कारणले निरन्तरता पाईरहको छैन। हाम्रो गौरवका विराट गोल्डकपलाई निरन्तरता दिनका लागि हामी सवै कोशी प्रदेशवासीले अपनत्व लिनुपर्छ।*

*अहिले भईरको प्रतियोगिता संयोजक नागेश कोइरालाको संयोजकत्व भईरहको कारण केही विवाद देखिएको छ। विराट गोल्डकपलाई साकार र सार्थक वनाउन उद्योगि व्यवसायीलाई नै अग्रनी भूमिकामा राखेर विराट गोल्डकपमा सवैले हातेमालो गर्न आवश्यक छ अन्यथा अगामी दिनमा विराट गोल्डकपको साख खस्किदैन भन्न सकिन्न।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ।  भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा  तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# नेतृत्व लिनुपर्ने यूवाशक्ति नै राजनीतिवाट किन विच्किदैछन् ?

**बालगोपाल थापा**

ठेलामा चिया बेच्ने वीरगञ्जका ४८ वर्षीय राजेश लामाको दिमागमा राजनीतिलाई लिएर प्रश्नै प्रश्न थुप्रिएको रहेछ। उनी एक सासमा भन्छन्, 'हिजो हामीले संघर्ष गर्‍यौं, आन्दोलनमा सहभागी भयौं। प्रहरीको लाठी खायौं। थुनामा पर्‍यौं। जेलमा यातना भोग्यौं। टाउको फुट्यो।

हात भाँच्चियो। कतिपय साथीहरूको शरीरका विभिन्न अंगमा अहिले पनि गोलीका छर्रा छन्, ह्वील चेयर लिई हिंड्नु परेको छ, परिवार र समाजबाट बहिष्कृत पनि छन्। अब पनि राजनीतिमा लाग्नुको कुनै औचित्य छ ? राजनीतिमा किन लाग्ने ? केका लागि लाग्ने ? कसका लागि लाग्ने ?'

व्यवस्था बदल्न आफ्नो पनि योगदान रहेकोले बाँचुञ्जेल यसको पक्षमा र यसको रक्षाको लागि मतदान गर्ने अठोट भने उनीसँग छ। 'समाजको प्रगतिशील रूपान्तरण र नागरिक अधिकार, स्वतन्त्रता, न्याय र समानताकै लागि हो भनेर व्यवस्था परिवर्तन भए। सरकारहरू बदलिए, थुप्रै नेता सत्तामा पुगे, पटक-पटक एउटै व्यक्ति पनि पुगे तर समाज फेरिएन, राष्ट्र र जनताको अवस्थामा कुनै परिवर्तन आएन किन ?' उनी सोध्छन्।

वीरगञ्जमै प्लस टु अध्ययनरत राजेश साहलाई राजनीतिमा युवालाई प्रयोग मात्रै गर्ने गरिए झैं लाग्छ। 'राजनीतिमा युवा विद्यार्थीलाई प्रयोग मात्रै गर्छन्, सबै नेता तथा पार्टीहरूले सत्तामा पुगेपछि हाम्रो भूमिकालाई बिर्सने काम गरे', उनी भन्छन्।

स्थानीय निकायको निर्वाचनमा सहभागी जितेन्द्र पासवानको अनुभव पनि फरक छैन, 'एक त निर्वाचन महँगो छ, राजनीति धनीले लड्ने र सबैभन्दा धनीले जित्ने खालको भयो।' गरिब त्यसमा पनि दलित भएर चुनाव जित्न असम्भव जस्तो रहेको उनको बुझाइ छ। 'निर्वाचनमा आफैंसँग हिंड्ने साथी दलितलाई जिताएर के हुन्छ ? हामी गैरदलितले उसलाई नमस्ते गर्ने ?' भन्छन्। यस्तो अवस्थामा हामीले कसरी राजनीति गर्ने ?'

युवा प्राध्यापक रेनु झालाई लाग्छ, 'नैतिकताविहीन राजनीतिमा किन लाग्ने ? जुन ठाउँमा नेता र सिद्धान्त बिक्दछ, त्यस्तो राजनीति किन गर्ने ? नेताहरूले थुपारेको अकूत सम्पत्ति र अपारदर्शी जीवन शैली हेर्नुस्।

बोलेको पूरा नगर्ने, झूटको खेती गर्ने मात्रै नेता छन्। यस्तो राजनीति हामी कसरी गर्न सक्छौं ? राजनीतिमा पद प्राप्तिको लागि मरिहत्ते गर्ने, पद पाएपछि छोड्दै नछोड्ने, बाँचुञ्जेल सत्तामा बस्न चाहने, पद नै सबैथोक ठान्ने प्रवृत्ति हावी छ।'

युवा पत्रकार मनोज पटेलको प्रतिक्रिया पनि फरक छैन। उनी भन्छन्, 'यस्तो राजनीति हामीले किन गर्ने ?'

सामाजिक अभियन्ता रोजिना श्रेष्ठलाई राजनीति शब्दप्रति नै वितृष्णा छ। उनी राजनीति गर्न आफूसँग समय नै नभएको बताउँछिन्। उनलाई लाग्छ राजनीति काम नलाग्ने फोहोरी खेल हो, जुन पैसाका लागि खेलिन्छ। राजनीतिमा चासो दिनुको साटो आफ्नो व्यवसाय गर्ने र सामाजिक काममा रमाउन उनलाई मन पर्छ।

रामेश्वर साह तेलीलाई लाग्छ, 'हिजो शिक्षाको कमी थियो, अहिले मधेशमा पनि शिक्षाको विकास भएको छ, सँगसँगै चेतनामा पनि विकास भएको छ। पार्टी र नेताहरूले हिजो राजनीतिमा युवाहरूलाई आफ्नो सत्ता स्वार्थमा प्रयोग गरिएको यथार्थतालाई आज राम्ररी बुझ्ने भएका छन्। राजनीतिलाई सत्ता प्राप्तिको औजार बनाएका छन्।'

**वैकल्पिक नेतृत्वको खोजी**

देशमा अहिले देखिएका राजनीतिक, आर्थिक, सामाजिक , सांस्कृतिक समस्या र संकट को कारण राजनीति नै हो। यहाँको राजनीति आफैंमा कमजोर, अस्थिर र थिलथिलो अवस्थामा छ।

देशको व्यवस्थापिका, कार्य पालिका, न्यायपालिका विवादमा तानिएका छन्। शान्ति, सुरक्षा, जन-जीविका सबै पक्ष अन्योल ग्रस्त छ। प्रश्नचिह्नको घेरामा उभिएको छ। मुलुक यो अवस्थामा पुग्नु पछाडिको कारण राष्ट्रिय, सशक्त अग्रगामी चिन्तन भएका नेतृत्वको अभाव नै हो। पुरातनपन्थी चिन्तन र व्यवस्थापनले वर्तमान गतिशील, आधुनिक परिवेश र प्रविधियुक्त समाजको नेतृत्व गर्न सक्दैन।

त्यसैले विद्यमान समस्याको समाधानसँगै त्यसको नेतृत्व गर्नसक्ने 'वैकल्पिक शक्ति' को खोजीमा छ वर्तमान नेपाल। त्यो वैकल्पिक नेतृत्व भनेको युवा जनशक्ति नै हो। तर नेपालका युवा राजनीतिप्रति आकर्षित छैनन्। चासो पनि कमैले मात्र राख्छन्।

हिजो नेपालमा युवा, विद्यार्थी, महिला, दलित, आदिवासी समुदायले राजनीति गर्नुहुँदैन। राजनीति गर्ने, राज्य सञ्चालन गर्ने काम उनीहरूका लागि होइन भनियो। यसरी राज्यको ठूलो हिस्सालाई नेपालका शासकहरूले राजनीतिबाट टाढा राखे। आफ्नो राजनीतिक सत्ता स्वार्थका लागि परिवर्तनकारी युवा जनशक्तिलाई राजनीतिबाट टाढा राखे, महिला, दलित आदिवासी जनजाति, अल्पसंख्यक, मुस्लिम समुदायलाई माथि उठ्न दिएनन्।

यथास्थितिको अवस्थालाई परिवर्तन गर्न स्वयंले (नेतृत्वले) आफ्नो विचार र कार्यशैलीलाई परिवर्तन गर्न सक्नुपर्दछ। तर ती पुरातनपन्थी नेतृत्वले आफूलाई परिवर्तन गर्नुपर्ने यथार्थतालाई मनभित्रैबाट स्वीकार्न सकिरहेका छैनन्। किनभने परिवर्तन उनीहरूका लागि फुटबलमा हुने आत्मघाती गोल जस्तै हो।

राजनीति वर्गीय हुने गर्दछ। राज्यले सत्तासीन वर्गको मात्र हित रक्षा गर्ने काम गर्दछ। यस्तो अवस्थामा राजनीति भनेको हुने-खाने वर्गको मात्र हो भन्ने छाप युवा जनशक्तिमा पर्न गयो। यसबाट मुलुकको एक ठूलो हिस्सा, हुँदा खाने वर्ग राजनीतिबाट टाढा हुँदै गयो। स्वाभाविक रूपमा आज नेपालको राजनीतिमा युवा जनशक्तिको उपस्थिति र भूमिकाको अभाव छ।

राजनीति गर्ने, राजनीतिक शक्तिमा रहने, सत्तामा लामो समय रही राजनीति गर्ने नेतृत्व हरूले कहिल्यै पनि वैकल्पिक राजनीतिक नेतृत्वलाई जन्माएनन् र जन्माउन पनि चाहेनन्। त्यसैले पनि युवा जनशक्तिका लागि राजनीति रुचिको विषय भएन। किनभने राजनीति भनेको सत्ता स्वार्थ, सुविधाभोगी, अवसरवादी र अर्थवादीहरूको लागि मात्र हो भन्ने भयो। सेवा, राष्ट्र र जनहित हो भन्ने भएन। राजनीति स्वार्थ र उपभोक्तावादको मात्र विषय भयो।

राजनीतिमा नेताका युवा पुस्ताहरू खै ? कहाँ कति छन् ? नेताहरूका सन्तान राजनीतिमा ? उनीहरू त व्यापार, व्यवसाय, जागिर गरिरहेका छन्। कसैको विदेशमा छन्, कसैका सन्तान ठूल्ठूला आयमूलक पदहरूमा, एनजिओ, आईएनजिओमा छन्। कोही सत्ता दुरुपयोग गरी दलाली गर्ने मध्यस्तकर्तामा, ठेकेदारी जस्ता धन्दामा छन्। राजनीतिमा खै कहाँ छन् ?

हालको संकटग्रस्त नेपालको समस्याहरू समाधान गरी एक समृद्ध मुलुक बनाउन युवा जनशक्तिको खाँचो महसुस गरिंदैछ। त्यसैले पनि होला नेपालको राजनीतिक वृत्तमा हस्तान्तरण र पुस्तान्तरणको जोडदार आवाज उठिरहेको छ। सक्षम र योग्य युवा नेतृत्वको खोजी भइरहेको छ।

राजनीतिमा हिजो गगन थापा र रामकुमारी झाँक्रीहरूको चर्चा हुन्थ्यो भने आज रवि लामिछाने, मेयर हर्क साम्पाङ र बालेन्द्र साह ( बालेन) जस्ताको माग भइरहेको छ। यसो हुनुको कारण नेपालको वर्तमान अवस्थामा पुराना विचार र सोचले नेतृत्व गर्न सक्दैन। मुलुकमा देखा

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

पाँच जना पक्राउ

# ठगी मुद्धाका फरार प्रतिवादी चारवर्ष पछि पक्राउ

सुनसरी। ठगी मुद्धामा कैद तथा जरिवाना फैसला भएता पनी फरार रहँदै आएका दुहवी नगरपालिका-१० का ३७ बर्षीय सञ्जय कुमार चौधरीलाई प्रहरीले पक्राउ गरेको छ।

सम्मानित जिल्ला अदालत मोरङको २०७५ जेठ २७ गतेको फैसला आदेशले चौधरीलाई ठगी मुद्धामा १ वर्ष ७ महिना कैद र ५ लाख ६८ हजार ४ सय ५० रुपैयाँ जरिवाना तोकिएको थियो।

कैद तथा जरिवाना तोकिएता पनी हाल सम्म फरार रहदै आएका चौधरीलाई ईलाका प्रहरी कार्यालय दुहवीबाट खटिएको प्रहरी टोलीले यही चैत्र ७ गते पक्राउ गरेको थियो। पक्राउ परेका चौधरीलाई तोकिएको कैद तथा जरिवाना भुक्तानको लागी अदालत उपस्थित गराईएकोमा कैद भुक्तानको लागी झुम्का कारागार पठाएको छ।

त्यसैगरी कोशी प्रदेश प्रहरी कार्यालयको रिट समुहबाट खटिएको प्रहरी टोलीले १ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ। सम्मानित जिल्ला अदालत सुनसरीको २०७७ चैत ९ गतेको फैसला आदेशले लागूऔषध मुद्धामा ५ बर्ष कैद सजाय फैसला भएता पनी हाल सम्म फरार रहँदै आएका ईटहरी-८ का ३४ बर्षीय रिकेश चौधरीलाई खोजतलास गर्ने क्रममा गाउँघरमा नै लुकिछिपी बसिरहेको अवस्थामा पक्राउ गरी सम्मानित सुनसरी जिल्ला अदालत सुनसरीमा उपस्थित गराएको थियो।

उपस्थित गराईएका प्रतिवादी चौधरीलाई तोकिएको कैद भुक्तानको लागी आजै झुम्का कारागार पठाएको छ।

# प्रतिवन्धित लागुऔषध ब्राउन सुगर सहित पाँचजना पक्राउ

विराटनगर। मोरंग झापा र इलामवाट प्रतिवन्धित लागुऔषध सहित पाँच जनालार्य प्रहरीले पक्राउ गरेका छन्।

झापाको बिर्तामोड नगर पालिका-३ बिर्ताबजार स्थितबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित एक जनालाई प्रहरीले पक्राउ गरेको थियो। प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले शंकास्पद अवस्थामा हिडिरहेका बिर्तामोड नगरपालिका-२ का २६ बर्षीय दयालाल राजबंशीलाई चेकजाँचको क्रममा उनको साथबाट १ ग्राम ८ सय मिलि ग्राम ब्राउन सुगर र नगद ६ हजार ७ सय ५० रुपैया बरामद गरेको थियो।

झापाको शिवसताक्षी नगर पालिका-१ धरमपुर स्थितबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको प्रहरी टोलीले कमल गाउँपालिका-३ का १९ बर्षीय मुस्कान लिम्बु र २३ बर्षीया स्वस्तिका लिम्वुलाई १ ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

बिशेष सुचनाको आधारमा प्रहरी चौकी पोल्टिमारी इलामबाट खटिएको प्रहरी टोलीले चुलाचुली गाउँपालिका-३ का २५ बर्षीय उपेन्द्र बान्तावालाई ७८ मिलिग्राम ब्राउन सुगर, डिजिटल तराजु १ थान र नगद ४ हजार २ सय रुपैया सहित पक्राउ गरेको हो। त्यसै गरी मोरङको बिराटनगर महानगरपालिका-१५ स्थितमा लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा

वांकी अन्तिम पेजमा...

# धनकुटामा शुरु भयो सरसफाइ अभियान




धनकुटा। धनकुटा नगरलाई थप सफा र सुन्दर बनाउँन नगरक्षेत्रमा सरसफाई अभियान सुरु गरिएको छ। 'धनकुटा नगर सुन्दर, स्वच्छ; समुन्नत शहर' नारा लिएको नगरपालिकाले अभियान नै सञ्चालन गरेर नगरक्षेत्रको सरसफाई थालेको हो।

अभियानको पहिलो दिन शनिवार पर्डेप नेपालसँगको सहकार्यमा बसपार्कसहित जिरोप्वाइन्ट, रमाइलो घुम्ती, परिचयमोड लगायत बजार तथा सडक क्षेत्रको सरसफाई गरिएको छ। सरसफाई अभियानको अगुवाई गर्दै नगर प्रमुख चिन्तन तामाङ आफै झाडु बोकेर सडक बढार्दै हिँडेका थिए। उनीसँगै प्रमुख जिल्ला अधिकारी लिला केसी, धनकुटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबहादुर थापा, धनकुटा ७ का वडाध्यक्ष रोशेष श्रेष्ठ, जिल्ला प्रहरी प्रमुख एसपी कृष्णप्रसाद कोइराला, शसस्त्र प्रहरी प्रमुख डीएसपी दिपक बलामी, सल्लेरीस्थित नेपाली सेनाको भीमदल गणका गणपति सुमन थापा लगायत पनि सरसफाइ अभियानमा कुचो बोकेर निस्किएका थिए।

अब, नगरलाई थप सफा र सुन्दर बनाउँन अभियानकै रुपमा सरसफाइ गरिने धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङले बताए। 'विभिन्न संघसस्था, सुरक्षा निकाय, नगरबासी लगायत सबैसँग सहकार्य गरेर सरसफाइ अभियान थालेका छौं,' नगर प्रमुख तामाङले भने, 'धनकुटा नगरलाई अझै सफा र सुन्दर बनाउँन यो अभियानलाई निरन्तरता दिन्छौं।'

धनकुटा नगरपालिकाले केही साता सचेतनामूलक सरसफाइ अभियान सञ्चालन गरेर जथाभाबी फोहोर नगर्न आग्रह गर्ने र त्यसपछि पनि अटेर गरेर जथाभावी फोहोर गर्नेलाई कारबाही गर्ने तयारी गरेको छ। जथाभावी फोहोर गर्नेलाई पाँच हजारदेखि ५० हजारसम्म जरिबाना गर्न सक्ने कानूनी व्यवस्था छ। चैत महिनाभर सचेतनामूलक सरसफाइ अभियान सञ्चालन गरिने र अटेर गरेर जथाभाबी फोहोर गर्नेलाई बैशाखबाट कानूनी कारबाही गरिने नगरपालिकाको वातावरण उपशाखा प्रमुख उपेन्द्र खनालले बताए। 'जथाभाबी फोहोर गर्नेलाई पाँच हजारदेखि ५० हजारसम्म जरिवाना गराउँन सक्ने कानुनी व्यवस्था भएपनि अहिलेसम्म त्यसमा कडाइ गरिएको थिएन, तर अब बैशाखबाट कडाइ गरिन्छ,' खनालले भने।

धनकुटा नगर, मुलुककै सफा सहरका रुपमा चिनिन्छ। २०७४ सालमा देशभरको सबैभन्दा सफा सहरका रुपमा धनकुटा नगरलाई सरकारले १० लाख नगदसहित पुरस्कृत गरेको थियो। धनकुटा नगरले हालसम्म नगर क्षेत्रका २ हजार ६ सय घरधुरीलाई फोहोर फाल्ने डस्टबिन वितरण गरेको छ। नगरका सार्वजनिक स्थानहरुमा पनि ९ सय ५० वटा डस्टबिन राखेर फोहोर संकलन गरी फोहोरमैला व्यवस्थापन केन्द्रमा लगेर फोहोर व्यवस्थापन गर्ने गरिएको छ।

# फागुन महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित

बिराटनगर। कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरले इलाका प्रहरी कार्यालय भेडेटार धनकुटामा कार्यरत प्रहरी सहायक निरीक्षक भोला नाथ बाग्ले र छिमेकी प्रहरी पोष्ट कोशी अस्पताल बिराटनगरमा कार्यरत प्रहरी हवल्दार यादब प्रसाद दाहाललाई फाल्गुन महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित गरेका छन्।

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी अपराध अनुसन्धान को क्षेत्रमा विशेष योगदान पुऱ्याउनुको साथै कार्यरत प्रहरी सहायक निरीक्षक भोला नाथ बाग्ले गस्तीको क्रममा धनकुटाको साँगुरीगढी-६ स्थितबाट अवैध लागु औषध गाँजा ७० किलोग्राम र साँगुरीगढी-८ स्थित सडक खण्डमा को. १ ज १८११ नम्बरको पिकअपबाट १०६ किलोग्राम अवैध लागु औषध गाँजा बरामद गरेको थियो।

त्यसैगरी प्रहरी हवल्दार यादब प्रसाद दाहालले मोरङको कटहरी गाउँपालिका-५ का ६२ बर्षीय रमानन्द राय कोशी अस्पतालमा एम्बुलेन्स खोज्दै आएपछि सोधपुछको क्रममा बुढीगंगा गाउँपालिका-२ स्थित नरसिंह चौधरीको ग्वालीमा २८ बर्षीय प्रियंका सोनारलाई कर्तब्य गरी मारी बोरामा हाली छुपाएको घटनामा संलग्न ४ जनालाई पक्राउ गर्न सफल भएको साथै सुनसरीको बर्जु गाउँपालिका कि ३७ बर्षीय चन्द्रकला देवी राय लडि घाईते भएको भनि श्रीमान शैलेन्द्र रायले उपचार्थ कोशी अस्पताल ल्याएकोमा उपचारको क्रममा मृत्यु भएको घटना सम्बन्धमा सोधपुछको क्रममा मृतककै श्रीमानले कुटपिट गरी मृत्यु भएको खुल्न आएकोले पक्राउ गरी कानुनी कारवाहीको दायरामा ल्याउन सफल भई नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य गरेको थियो।

उनिहरुले सम्पादन गरेको उत्कृष्ट कार्यको उच्च मुल्याङकन गर्दै २०७९ साल फागुन "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषित भएका छन्।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ।
- बालश्रमको प्रयोग नगरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं।
- धर्म, संस्कृतिको संरक्षण गरौं।
- सार्वजनिक स्थलमा फोहर नफालौ। गाउँलाई सफा राखौ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया मोरंग, प्रदेश १



## लागुऔषध ब्राउन सुगर सहित छ जना प्रहरीद्धारा पक्राउ

बिराटनगर । कोशी प्रदेशका मोरङ र झापा जिल्लाका बिभिन्न स्थानहरुबाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागुऔषधको ओसार पसार भईरहेको भन्ने बिशेष सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर-१५ बाट, बिराटनगर-११ का २० बर्षीय बिनयक शर्मा र २३ बर्षीय अमर कुमार साहलाई ब्राउनसुगर सहित पक्राउ गरेको थियो । को ८ प ७६२ नम्बरको मोटरसाईकलमा सवार रहेका उनीहरुलाई रोकेर चेकजाँच गर्ने क्रममा उनीहरुको साथबाट २.६८ ग्राम लागुऔषध ब्राउनसगुर बरामद भएको थियो ।

त्यसैगरी धरान-१६ का २१ बर्षीय मोहन श्रेष्ठ र लालिगुराँस नगरपालिका-७ तेह्रथुमका २८ बर्षीय राजेन्द्र भण्डारीलाई समेत बिराटनगर-१५ बाट १.५० ग्राम लागुऔषध ब्राउनसगुर सहित सोही टोलीले बुधवार दिउँसो पक्राउ गरेको थियो ।

कोठा भाडामा लिई लागुऔषध बेचबिखन भईरहेको भन्ने सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले कमल गाउँपालिका-७ घर भई पथरीमा बस्दै आएकी ३७ बर्षीया सन्जु फागोलाई लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको छ । फागोको साथबाट प्रहरीले २३० मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो भने लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले भारतीय नागरीक ३४ बर्षीय ताहिर हुसेनलाई ४ ग्राम ब्राउनसुगर सहित मेचीपुलबाट बुधवार पक्राउ गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## कन्टेनरहरुको आवतजावतको व्यवस्था गर्न माग



भारत सरकारको राजस्व विभागका केन्द्रीय अप्रत्यक्ष कर तथा भन्सार बोर्डका सदस्य माननीय संजय कुमार अग्रवाल, पटना भन्सार क्षेत्रका मुख्य आयुक्त (चिफ कमिश्नर) अजय सक्सेनालगायत संग उद्योगी व्यवसायीहरु सामूहिक तस्वीरमा ।

विराटनगर । भारत सरकारको राजस्व विभागका केन्द्रीय अप्रत्यक्ष कर तथा भन्सार बोर्डका सदस्य माननीय संजय कुमार अग्रवाल, पटना भन्सार क्षेत्रका मुख्य आयुक्त (चिफ कमिश्नर) अजय सक्सेना र पटना भन्सारका प्रधान आयुक्त (प्रिन्सीपल कमिश्नर) पीके कटियार समेतसंग जोगवनीसम्म बल्क कार्गो र कन्टेनरहरुको आवतजावतको व्यवस्था गर्न माग गरेका छन् ।

उक्त माग मोरंग व्यापार संघद्वारा भारतीय राजस्व विभागका माननीय सदस्य र भन्सार आयुक्तहरुसंग गरिएको को छलफलमा मोरंग व्यपार संघको वरिष्ठ उपाध्यक्ष अनुपम राठीले गरेका हुन् ।

त्यसैगरी नेपालका कृषि उत्पादन निर्यात गर्न आई.सी.पी, जोगबनीमा पीएफए टेस्ट ल्याब ( परीक्षण प्रयोगशाला) र खाद्य क्वारेन्टाईन कार्यालय स्थापना गरी पोर्ट हेल्थ अफिसर नियुक्त गरिनु पर्ने, हाल जुट निर्यातमा प्रत्येक ट्रक पिच्छे अनिवार्य गरिएको ओजो सर्टिफिकेशनलाई सहज गरिनु पर्ने लगायतका सुझावहरु समेत दिएका थिए ।

सो कार्यक्रममा आई.सी.पी., जोगबनीका व्यवस्थापक श्री रत्नाकर यादवले प्रस्तुति मार्फत आई.सी.पी., जोगबनीका गतिविधिहरु बारे अवगत गराउनु भएको थियो भने केही अन्य व्यवसायिक प्रतिष्ठानहरुले समेत आ-आफ्ना सुझावहरु पेश गरेका थिए ।

चैत्र १० गते, संघका निर्वतमान अध्यक्ष प्रकाश मून्दडा, वाणिज्य उपाध्यक्ष अनिल कुमार साह, का.का. सदस्यद्वय अमित सारडा र श्याम राठी सहितको टोलीले स्वागत तथा छलफल गरेका थिए ।

## झापा, मोरंग र सुनसरीबाट करछलीका अबैध समान बरामद

विराटनगर । झापा, मोरंग र सुनसरी जिल्लाका विभिन्न स्थानवाट भारतवाट भन्सार छली गरी नेपाल भित्रियाउदै गर्दा विभिन्न किसिमका खाद्य्या बस्तुहरु प्रहरीले पक्राउगरी बरामद गरका छन् ।


मोरङ जिल्लाको बिभिन्न स्थानहरुबाट भन्सार छली भारतबाट नेपाल तर्फ ल्याउदै गरेको बिभिन्न प्रकारका अवैध सामानहरु प्रहरीले बरामद गरेको छ । जिल्लाको सिमावर्ती क्षेत्रहरुमा परिचालित प्रहरी गस्ती टोलीले भन्सार छली चोरी तस्करी गरी ल्याउदै गरेको अवस्थामा बिभिन्न प्रकारका कपडाहरु तथा खाध्यान्नका सामग्रीहरु बरामद गरेको हो ।

बरामद गरिएका करिव २ लाख ५६ हजार रुपैया बराबरको सामान आवश्यक कारबाहीको लागि बिराटनगर भन्सार कार्यालयमा बुझाईएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

त्यसैगरी झापा जिल्लाको बिभिन्न स्थानहरुबाट भन्सार छली गरी नेपाल भित्राउदै गरेको अवैध सामानहरु प्रहरीले बरामद गरेको छ । प्रहरी गस्ती टोलीले चेक जाँचको क्रममा भन्सार छली चोरी पैठारी गरी नेपाल भित्र्याउदै गरेको अवस्थामा ३ वटा बोरामा प्याक गरेको स्पोर्टस मोजा र २ बोरा जुत्ता लगायतका

वांकी अन्तिम पेजमा...

## मेवा (पपिता) : औषधिय गुणले भरिपूर्ण फल



मेवा तराई र भित्री मधेसमा सजिलै उपलब्ध हुने फल हो । यो फल औषधिय गुणले भरिपूर्ण हुन्छ। त्यसो त, मेवाका रुखको प्रत्येक भागमा कुनै न कुनै औषधिय गुण पाईन्छ । प्राचिनकालदेखि नै मेवाको पातहरू घाउ सफा गर्न, दाद र दुखाई निको पार्न प्रयोग गरिँदै आएको पाईन्छ । यसको जरामा पिसाब लगाउने शक्ति हुन्छ । मेवामा पर्याप्त मात्रामा क्यारोटेन नामको तत्व हुन्छ, जसले शरीरमा भिटामिन ए बनाँउछ ।

यसमा पोटासियम पनि पर्याप्त मात्रामा हुन्छ। साथै भोजन पचाउन चाहिने विभिन्न तत्व हुन्छन्। काँचो मेवा खानाले कब्जियतबाट छुट्कारा दिलाउँछ । पाकेको मेवा कलेजोको विभिन्न समस्या समाधानका लागि लाभदायक हुन्छ । झाडापाखाला लागेमा बेलामा पाकेको मेवाको सेवनले पाखाला बिस्तारै कम हुन्छ । कब्जियतमा पाकेको मेवाको २० देखि २५ वटा बीउ १० देखि १५ दिनसम्म दिनको २ पटक खाँदा कब्जियत हट्छ। मेवाको पातलाई आगोमा तताएर दुखेको ठाँउमा राख्दा दुखाई कम हुन्छ ।

मेवा रक्तअल्पता अर्थात् शरिरमा रगतको मात्रा कम हुँदा पनि प्रयोग गर्न सकिन्छ। रक्तअल्पता हुँदा मेवाले औषधिको काम गर्छ । काँचो मेवाको तरकारी र पाकेको मेवा दिनमा २/३ टुक्रा खाँदा सुत्केरीको दुध बढाउँछ । शरीरमा रगतको मात्रा वृद्धि गर्छ । यसले आँखालाई समेत फाईदा पुऱ्याउँछ । र, रतन्धो हुनबाट जोगाउँछ ।

मेवामा पाईने विशेष तत्वले घाउमा भएका मृत कोषिका हरूलाई हटाउँछ र घाउलाई निको पार्छ । यसका लागि केही दिनको समय भने लाग्छ । घाउलाई पहिले सफा गरेर मृत कोषहरू हटाउनुपर्छ। घाउमा पीप छ भने बिरामीलाई दिनको २/३ घण्टामा दाँया बाँया कोल्टो पारेर सुताउनुपर्छ । त्यसपछि कीटाणु रहित सफा पातलो कपडाई काँचो मेवाबाट निस्कने सेतो दुधजस्तो पदार्थमा भिजाएर घाउमा राख्नुपर्छ । यो क्रिया दिनदिनै गर्नुपर्छ। घाउ गहिरो छ भने दिनको १/२ चोटी दोहोऱ्याउनु पर्छ । साथै बिरामी लाई कोल्टे फर्काउनु पर्छ । पाकेको मेवाको गुदीलाई मिचेर अनुहारमा केहीबेर दल्ने र एक छिन राखेर धुने गरेमा अनुहारमा चमक ल्याउछ ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १





# कर्तव्य ज्यान मुद्दामा तीन जेल चलान एकलाई मुद्दा नचलाउने

विराटनगर । जिल्ला मोरङ बुढीगंगा गाउँपालिका वडा नं २ अमाही स्थित नरसिंह चौधरीको ग्वाली घरमा प्रियंका सोनारलाई कर्तव्य गरी मारेको अभियोगमा पक्राउ परको चार जना मध्ये तीन जनालाई जेल चलाउन भएको छ भने एकजनालाई मुद्दा नचलाउने निर्णय भएको छ ।

उक्त वारदातमा संलग्न जिल्ला मोरङ विराटनगर म.न.पा वडा नं१९ मिलन चौक टोलमा बस्ने बर्ष ३४ को रमेश साह भन्ने रमेश कुमार सोनार, जिल्ला मोरङ भौडाहा गा.वि.स. वडा नं. ३ हाल ऐ. कटहरी गा.पा.वडा नं ५ पैनी टोल बस्ने बर्ष ६२ को रामानन्द राम हरिजन, जिल्ला मोरङ कटहरी गा.पा.वडा नं ५ उराव टोलमा बस्ने बर्ष ३५ को उमेश सरदार र जिल्ला मोरङ विराटनगर म.न.पा.वडा नं ७ हस्पिटल चौकमा बस्ने बर्ष ५३ को श्रीराम भन्ने सिलिराम चौधरीलाई पक्राउ गरिएको थियो ।

अनुसन्धान पश्चात प्रतिवादीहरु मध्ये श्रीराम भन्ने सिलिराम चौधरीलाई मुद्दा नचलाउने निर्णय एवम् प्रतिवादीहरु रमेश कुमार सोनार, रामानन्द राम हरिजन र उमेश सरदार निजहरु तीनै जना सम्मानित मोरङ जिल्ला अदालतको मिति २०७९ चैत ५ गतेको आदेशले पुर्पक्षका लागि थुनामा मोरङ कारागार चलान भएको छ ।

जिल्ला मोरङ विराटनगर म.न.पा वडा नं १९ मिलन चौक टोलमा बस्ने बर्ष २७ कि प्रियंका सोनारलाई निजको श्रीमान रमेश कुमार सोनार समेतले हत्या गरी लास बेपत्ता बनाउने उद्देश्यले बोरामा प्याक गरी राखेको अवस्थामा फागुन ८ गते फेला परेको थियो ।

# लागुऔषध ब्राउन सुगर सहित तीन जना पक्राउ

विराटनगर । मोरंग र सुनसरीको विभिन्न स्थानवाट लागुऔषध ब्राउन सुगर सहित ३ जनालाई प्रहरीले पक्राउ गरका छन् ।

मोरङको कानेपोखरी गाँउ पालिका-५ बाट लागुऔषध ब्राउनसुगर सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ । लागुऔषध ब्राउन सुगरको ओसार पसार भईरहेको भन्ने बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले उर्लावारी नगरपालिका-२ का २९ बर्षीय मिलन ढकाललाई ३६० मिलिग्राम लागुऔषध ब्राउनसगुर सहित मंगलवार दिउँसो पक्राउ गरेको हो । लागुऔषध सहित पक्राउ परेका ढकालको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

त्यसैगरी सुनसरीको इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले प्रतिबन्धित लागुऔषध गाँजा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बिशेष सुचनाको आधारमा खटिएको प्रहरी टोलीले धरान-२० स्थितमा चेक जाँचको क्रममा प्रदेश १-०२-०५१ प २३०५ नम्बरको मोटरसाईकल मा सवार रहेका सागुरीगढी गाउँपालिका-९ धनकुटाका २५ बर्षीय जितेन राईले बोकेको झोलाबाट ३१ किलो ग्राम गाँजा बरामद गरेको थियो ।

त्यसै गरी धरान-११ की ४७ बर्षीया विष्णु माया राईको घर कोठा खानतलासी गर्दा कोठामा लुकाई छिपाई राखेको ३१ किलो ग्राम गाँजा फेला परे सगै उनलाई प्रहरीले पक्राउ गरेको थियो ।

लागुऔषध गाँजा सहित पक्राउ परेका दुबै जनाको इलाका प्रहरी कार्यालय धरानबाट थप अनुसन्धान भईरहेको छ ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

ग्रामथान गाउँपालिकाको कार्यालय, मोरंग, प्रदेश १


## नेतृत्व...

परिरहेका जटिल समस्याको समाधान पनि गर्न सक्दैन ।

**प्रविधिमैत्री नयाँ सोच, नयाँ नेतृत्व**

यथार्थमा भन्ने हो भने यी जडतावादी, पुरातनपन्थी, शास्त्रीय सोचले आजको युगलाई नेतृत्व गर्न सक्दैन । समस्याको समाधान र व्यवस्थापन पनि गर्न सक्दैन । परिवर्तनकारी युवा जनशक्तिका नेतृत्व र तिनका अग्रगामी सोचहरूलाई स्वीकार्न पनि सकिरहेका छैनन् ।

भन्नुको तात्पर्य ती पुरातनपन्थी सोचहरूले मुलुकलाई यथास्थितिमा नै बाँधिराख्न चाहिरहेका छन् । मुलुकको विकास र समृद्धि चाहिरहेका छैनन् । तर मुलुकले परिवर्तन खोजिरहेको छ । अग्रगामी सोच सहितका नयाँ युवा नेतृत्वलाई खोजिरहेको छ ।

यथास्थितिको अवस्थालाई परिवर्तन गर्न स्वयंले (नेतृत्वले) आफ्नो विचार र कार्यशैलीलाई परिवर्तन गर्न सक्नुपर्दछ । तर ती पुरातनपन्थी नेतृत्वले आफूलाई परिवर्तन गर्नुपर्ने यथार्थतालाई मनभित्रैबाट स्वीकार्न सकिरहेका छैनन् । किनभने परिवर्तन उनीहरूका लागि फुटबलमा हुने आत्मघाती गोल जस्तै हो ।

विकास र परिवर्तनलाई कसैले चाहेर पनि रोक्न सक्दैन । समृद्धि र विकासका लागि युवा जनशक्ति आजको आवश्यकता हो । युवा भनेको युगको वाहक हो, परिवर्तनको संवाहक हो । युवाको मापन उमेर र तागत नभई चेतना र क्षमताको हिसाबले हुनुपर्दछ । जसको चेतनाले नेतृत्व गर्न सकोस् र क्षमताले व्यवस्थापन । अहिलेको आवश्यकता चेतना सहितको क्षमतायुक्त व्यवस्थापन गर्न सक्ने युवा जनशक्ति हो ।

**दैनिक बेचिन्छन् युवा जनशक्ति**

आज नेपालमा युवा जनशक्तिको अभाव छ; त्यसमा पनि दक्ष, शिक्षित, प्राविधिक र क्षमतावान युवा नाम मात्रका छन् । ६० प्रतिशतभन्दा बढी युवा जनशक्ति खाडी मुलुकमा आफ्नो श्रम बेचिरहेका छन् ।

१० प्रतिशत युवाहरू उच्च शिक्षा अध्ययनको नाममा युरोप, अमेरिका, अष्ट्रेलियामा श्रम बेच्न बाध्य छन् । युवा चेली-बेटीहरू पनि कामको खोजीमा, श्रम बेच्ने नाममा खाडी र अफ्रिकन मुलुकहरूमा कतिपय बन्धक बनाइएका छन् । कतिपय यौन शोषणको शिकार भई आफ्नो शरीर बेच्न बाध्य भएका र पारिएका छन् ।१०-१५ प्रतिशत युवायुवती भारतका विभिन्न शहरमा जीविकोपार्जनका लागि मजदूरी गरी जीवन बिताइरहेका छन् ।

हिमाल र पहाडी क्षेत्रमा वृद्ध आमाबुवाहरूको मृत्यु हुँदा लाश उठाउन युवाको हात छैन । कारण नेपालमा रोजगार छैन, सानातिना व्यवसाय गर्न पूँजी छैन, गाउँका धनीमानीले ऋण दिई मिटर ब्याजमा भएको घर र बारी पनि उठीवास बनाइरहेका छन् ।

गाउँघरमा सञ्चालित साना बैंक र विभिन्न वित्तीय संस्थाहरूसँग लिएको ऋण समयमा तिर्न नसकी घरवारविहीन मात्र नभई कारागारमा बन्दी जीवन बिताउन र आत्महत्या गर्न बाध्य पारिएको अवस्था छ । सम्पत्तिको नाममा बाँकी रहेको श्रम बेच्न विदेशिनु परिरहेको छ ।

गाउँघरमा सञ्चालित साना बैंक र विभिन्न वित्तीय संस्थाहरूसँग लिएको ऋण समयमा तिर्न नसकी घरवारविहीन मात्र नभई कारागारमा बन्दी जीवन बिताउन र आत्महत्या गर्न बाध्य पारिएको अवस्था छ । सम्पत्तिको नाममा बाँकी रहेको श्रम बेच्न विदेशिनु परिरहेको छ ।

राज्यले सञ्चालन गरेका उद्योगधन्दा, कलकारखाना बन्द गरिएका छन् । निजी क्षेत्रले खोलेका उद्योगहरू रुग्ण अवस्थामा छन् । कानुनले उत्पादनमूलक कल-कारखानालाई निरुत्साहित बनाएको छ, नेपालमा पर्याप्त कच्चा पदार्थ छैन । अर्थतन्त्र आयातमुखी छ, निर्यात छैन । यस्तो अवस्थामा सरकारले आफ्नो अर्थतन्त्र टिकाउन, राजस्व जुटाउन म्यानपावरको नाममा मानव शक्ति, श्रम र नेपाली जनतालाई बेच्ने वैधानिक लाइसेन्स दिने काम गरेको छ ।

बीबीएस पास गरेर पासपोर्ट बनाउने लाइनमा उभिएका युवा मनिष अर्याललाई पासपोर्ट किन ? भनी सोध्दा उनी उल्टै प्रश्न गर्छन् । 'म घरको एक्लो छोरा, सम्पत्तिको नाममा गाउँमा २ कट्ठा घडेरी र खपडाको घर छ । रोजगारी छैन, व्यापार गर्न मसँग पैसा छैन । बैंकले हामीलाई पत्याउँदैन, सरकारले रोजगारी दिँदैन, देशमा आफ्नो सोर्स-फोर्स चल्दैन । विदेश नगएर म के गरुँ त ?'

उनी यत्तिकैमा रोकिंदैनन् । 'सरकारले नै विदेश जा, कमाएर खा, बाँचे देश चलाउन रेमिट्यान्स पठा, मरे बाकसमा आइज भन्छ । सरकारले नै कहिले कोरिया पठाउँछ । आफूलाई बेच्न पासपोर्ट बनाउन आएको हुँ म !'

**परिवर्तनकारी शक्तिले नै नेतृत्व**

त्यसो त नेपालको राजनीतिक व्यवस्था पटक-पटक परिवर्तन भएको छ । क्रान्ति, आन्दोलन, जनआन्दोलन, मधेश आन्दोलन, माओवादी युद्धहरू भए, त्यसमा युवाको भूमिका महत्वपूर्ण छ । व्यवस्था परिवर्तन भयो तर जनताको अवस्था भने परिवर्तन भएन ।

ध्यान दिनुपर्ने कुरा-परिवर्तनको लागि आन्दोलनमा जीवन दिन उद्यत शक्ति युवापुस्ताले परिवर्तित व्यवस्था प्रति चाख नराख्नु, परिवर्तन पश्चात कायम भएको व्यवस्था र अवस्थाका चुनौतीहरूको सामना गर्ने र नेतृत्व गर्ने युवा शक्तिहरू गौण हुनु गम्भीर समस्या हो ।

मान्यता के हुनुपर्ने हो भने; परिवर्तनकारी शक्तिले नै परिवर्तित परिस्थितिको नेतृत्व गर्नुपर्ने हो । यसो भएमा मात्र जनता र राज्यले परिवर्तनको आभास गर्न पाउँछ । नेपालमा राजनीति तथा त्यसका संरचनाले युवा जनशक्तिलाई उपेक्षा गरेको छ, त्यसैको प्रतिक्रियामा युवा जनशक्तिले पनि राजनीतिलाई उपेक्षा गरेको छ । यो अवस्था नेपालमा विद्यमान समस्या हल गर्ने र मुलुकको विकास र समृद्धिको सवालमा ठिक होइन ।

राजनीतिक दलहरूले आफ्ना पार्टीका नर्सरी युवा, विद्यार्थी, महिला, दलित, आदिवासी, युवा, किसान, मजदुरको संगठनलाई पुनर्जीवित गर्ने, निर्माण गर्ने, परिचालन गर्ने, हुर्काउने, प्रशिक्षित गर्ने गर्नुपर्छ । यसरी राजनीतिमा युवाको राष्ट्रिय आवश्यकतालाई पूर्ति गर्न सकिन्छ ।

राजनीतिमा अवसरवाद, नातावाद, कृपावाद, परिवारवाद, अर्थवाद हावी छ । हाम्रो पालो कहिले आउने ? युवालाई अवसर दिन नचाहने, सत्तामा आफैं मात्र बस्ने, बसिरहन चाहने, पटक-पटक बसिरहने, स्वास्थ्य खराब भए पनि सत्तामै टाँसिइरहनुपर्ने प्रवृत्ति राजनीतिमा हावी रहँदासम्म राजनीतिमा युवाको प्रवेश न्यून रहन्छ ।

जसरी आर्थिक सुरक्षाका लागि करको दायरा बढाउनु राम्रो मान्यता हो भने मुलुकको राजनीतिक सुरक्षाका लाागि युवाको आकर्षकको दायरा ठूलो र फराकिलो बनाउनु । युवामा पलाएको राजनीतिप्रतिको नकारात्मक सोच परिवर्तन हुन जरूरी छ । अन्यथा राजनीतिमा कायम भएको युवा जनशक्तिको रिक्त स्थान दलाल, नोकरशाह, पूँजीपति, बिचौलिया, तस्कर, फटाहाहरूले लिन्छन् । अनि समस्या जस्ताका तस्तै । तत्पश्चात् विरोध र आलोचनाको औचित्य के ?

ठूलो फराकिलो दायराबाट राजनीतिक दलभित्र गणेश प्रवृत्तिको भन्दा राष्ट्रिय राजनीतिमा नेतृत्व गर्न सक्ने, नेतृत्वमा हस्तक्षेप गर्न सक्ने, नीति निर्माणमा निर्णायक भूमिका निर्वाह गर्न सक्ने युवा नेतृत्व आजको आवश्यकता हो । नेतृत्वले पनि आफ्नो राजनीतिक दास होइन, प्रश्न गर्न सक्ने, नेतृत्वमा हस्तक्षेप गर्न सक्ने, दलभित्रका गैरदलीय प्रजातान्त्रिक विचार र पद्धति विरुद्ध अग्रगामी र समाजवादको पक्षमा लड्न र उभिन सक्ने युवा आजको राष्ट्रिय आवश्यकता हो ।

जनता र राष्ट्रका समस्या लाई बुझ्न सक्ने, उठान गर्न र पक्षमा लड्न सक्ने युवा नेतृत्वले उत्पादन, रोजगार र परिवर्तनको पक्षमा संघर्ष गर्न सक्नुपर्छ । ज्येष्ठ नागरिकलाई पार्टीको नेतृत्वमा थुपारेर न पार्टी बलियो बनाउन सकिन्छ न राष्ट्रिय नेतृत्व नै गर्न सकिन्छ ।

त्यसैले राजनीतिक दलहरूले आफ्ना पार्टीका नर्सरी युवा, विद्यार्थी, महिला, दलित, आदिवासी, युवा, किसान, मजदुरको संगठनलाई पुनर्जीवित गर्ने, निर्माण गर्ने, परिचालन गर्ने, हुर्काउने, प्रशिक्षित गर्ने गर्नुपर्छ । यसरी राजनीतिमा युवाको राष्ट्रिय आवश्यकतालाई पूर्ति गर्न सकिन्छ ।

प्राध्यापन पेशामा लामो समयदेखि सक्रिय लेखक नेकपा एकीकृत समाजवादी पार्टीका पर्सा जिल्ला अध्यक्ष हुन् । अनलाइनवाट